# भगवतीमाई गाँउपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## पगनाथ,दैलेख
## कर्णालीप्रदेश नेपाल
### शिलबन्दी दरभाउपत्रआव्हानको सूचना
**(प्रथम पटक प्रकाशितमिति :- २०७७/०८/२८**

यस कार्यालयको आर्थिक वर्ष २०७७०७८को स्वीकृत कार्यक्रमअनुसार देहायमाउल्लेखितकार्यहरुको लागि आवश्यक विभिन्न साइजकाग्याविन जाली सप्लाई कार्य शिलवन्दी दरभाउपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्रप्राप्त ईच्छुक सप्लायर्स वा फर्महरुबाट निम्नशर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी दरभाउपत्रआह्वानगरिन्छ ।

१. दरभाउपत्रफाराम यो सूचनाप्रथम पटक प्रकाशितभएको मितिले १५ औं दिन (२०७७/०९/१२ गते)भित्रकार्यालय समयमानविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७५।७६ सम्मको कर चुक्ताभएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखीलिखितनिवेदन साथतलउल्लेखित दस्तुर (फिर्ता नहुने गरी) यसकार्यालयको राजश्व इकाईमा नगदै बुझाई यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. खरिदभएका दरभाउपत्रप्रथम पटक सूचना प्रकाशितभएको मितिले १६ औं दिन (२०७७/०९/१३ गते) को १२.०० बजे भित्रशिलबन्दी खाममालाहाछाप गरी विवरण प्रष्ट खुलाई यस कार्यालयमादर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ :०० बजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमाखोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरीदगर्ने वादाखिलागर्ने अन्तिमदिनबिदा परेमाउक्तकार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनहुनेछ ।

३. दरभाउपत्रका साथजमानतबापतको तपसिलबमोजिमको रकम प्रभु बैंक भगवतीमाई शाखामा रहेको यस कार्यालयको धरौटीखाता नं. ग ३.१ १५१०१०९३२८८०००४१ मा नगदैजम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्रदाखिलागर्ने अन्तिममिति बाट कम्तीमा७५ दिनम्यादभएको यस कार्यालयको नाममाजारी गरिएको बैंक जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।

४. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्रउपर कारबाहीहुने छैन ।

५. दरभाउपत्रदाताबाट दरभाउपत्रको उल्लेखितमूल्य परिमाण सूची (BOQ) माप्रत्येक आइटमको मूल्यअभिबृद्धि कर बाहेकको दररेट भरी नआएमात्यस्तो दरभाउपत्रउपर कुनै कारवाहीहुनेछैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमाअक्षरलाई मान्यतादिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

६. यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वाआंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यस उल्लेख नभएकोमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ संशोधन सहति र अन्य प्रचलित ऐन कानून अनुसार हुनेछ ।

८. अन्य कुरा बझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिने छ ।

| ठेक्का नम्बर | कामको विवरण | लगतअनुमान ( मू.अ. कर बाहेक) | दरभाउपत्रजमानत रकम | दरभाउपत्रफारम दस्तुर |
|---|---|---|---|---|
| BRM/SQ/GS/10/2077/078 | हुलाक टाकुरा - कुम्री - वडा कार्यालय - हे.पो. सडक स्तरोन्नतीको लागि ग्याबियन जाली सप्लाई कार्य | ११०३६३६।१३ | ३३०००। | १०००। |
| BRM/SQ/GS/11/2077/078 | विभिन्न योजनाहरुको लागि आवश्यक ग्याबियन जाली सप्लाई कार्य | ११८५८७३।३० | ३५५००। | १०००। |

प्रमुख प्रशासकीय अधिकृत